विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक


थाहामा..... | पृष्ठ ५ मा



● मकवानपुर, वर्ष-१४, ● अंक-०१ ● २०७८ साउन ०४ गते सोमबार, ● 19 July. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# सीमभञ्ज्याङमा बन्ने भो सात ताल

## एमाले थाहानगरको माग सम्बोधन : ढकाल



विकास संवाददाता
थाहा नगर

मकवानपुरको सबैभन्दा अग्लो स्थान सीमभञ्ज्याङमा सात ताल निर्माण गरिने भएको छ । बहुवर्षीय योजनाअन्तर्गत निर्माण गरिने सात तालको लागि बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७८/०७९ मा रू. ३३ लाख बजेट विनियोजन गरेको प्रदेश भौतिक पूवार्धार विकास मन्त्री रामेश्वर फुयाँलले जानकारी दिए ।

त्रिभुवन राजपथ अन्तर्गत सबैभन्दा उच्च क्षेत्रमा अवस्थित थाहा नगरपालिका-४, सीमभञ्ज्याङ क्षेत्रको सौन्दर्यीकरण र सीमसार क्षेत्र संरक्षणसहित सडक किनारामा सात ताल निर्माण गर्न लागिएको मन्त्री फुयाँलले बताए । सीमभञ्ज्याङको करिब २५ सय मिटरको उच्च क्षेत्रबाट अटुटरूपमा बगिरहने पानीलाई बाँध बनाएर सातवटा ताल निर्माण गर्नेगरी प्रदेश सरकारले पूर्ण प्रतिवेदन तयार पारिसकेको छ ।

गत २९ कार्तिकमा मन्त्रालयका सचिव सञ्जिव बराल, भीमफेदी-कुलेखानी पोष्टबहादुर बोगटी सुरूङमार्ग निर्माण आयोजनाका प्रमुख नवीन सिंह, जलस्रोत तथा सिँचाइ विकास डिभिजनका प्रमुख मनोहर रिजाल, खानेपानी तथा सरसफाइ डिभिजन-१का प्रमुख बालमुकुन्द श्रेष्ठ लगायत प्राविधिकहरूको टोलीसहित सीमभन्ज्याङ पुगेर मन्त्री फुयाँलले स्थलगत अवलोकन गरेका थिए । सोही क्रममा मन्त्री फुयाँलले जलस्रोत तथा सिँचाइ विकास डिभिजनका प्रमुख रिजाललाई सीमभन्ज्याङमा पर्वतीय कृत्रिम ताल निर्माण गर्न बैज्ञानिक अध्ययन गर्न आग्रह गरेका थिए ।

सो क्रममा मन्त्री फुयाँलले स्थानीय बासिन्दालाई ताल निर्माण गरिने क्षेत्र वरपर वृक्षारोपण गरेर स्थानीय जनसहभागिता प्रदर्शन गर्न आग्रह गरेका थिए । सो अनुसार सो क्षेत्रमा स्थानीयले वृक्षारोपण गरिसकेका छन् ।

यसअघि सीमभञ्ज्याङमा वातावरणमैत्री कृत्रिम ताल निर्माणको प्रयास हुँदै आएको भए पनि पूरा हुन नसकेकोमा अब प्रदेश मन्त्रालय आफैले विस्तृत परियोजना प्रतिवेदन तयारी पारी काम अघि बढाउने भएपछि स्थानीय उत्साहित भएका छन् ।

हालसम्म सीमभञ्ज्याङमा पर्वतीय तालका लागि तत्कालीन स्थानीय विकास मन्त्रालयबाट रू. ७ लाख, सहरी विकास मन्त्रालयबाट रू.३ लाख र थाहा नगरपालिकाबाट रू. ३ लाख गरी रू. १३ लाख खर्च भइसकेको छ । हाल दुईवटा कृत्रिम ताल रहेकोमा सोसमेतलाई पुनर्संरचना गरी सात ताल निर्माण गर्न लागिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजनका प्रमुख मनोहर रिजालले जानकारी दिए ।

समुद्र सतहबाट करिब २५ सय मिटरको उचाइमा रहेको सीमभञ्ज्याङमा पर्वतीय सात ताल निर्माणसँगै 'घुम्न जाऔँ सीमभञ्ज्याङ' कार्यक्रम सञ्चालन गरिने भौतिक पूर्वाधार विकास मन्त्री फुयाँलले जानकारी दिए । सात ताल निर्माणस्थल त्रिभुवन राजपथसँगै नाङ्गेचुली र व्योमकुट पर्वतको खोँचस्थित सीमसार क्षेत्रमा रहेको छ । यस वरपर सयौं वर्षदेखिका पुराना खस्रूका रूखहरू रहेका छन् भने लोक्ता, लौठसल्ला, पाषाणभेद, अलमले झार, रङ्गीविरङ्गी गुराँसका साथै बहुमूल्य जडीबुटीहरू रहेका छन् ।

**यसैबीच** प्रदेश भौतिक पूर्वाधार विकास मन्त्री फुयाँलले नेकपा एमाले थाहा नगरका नेता तथा कार्यकर्ताहरूसँग २८ असारमा छलफल गरेका छन् । सीमभञ्ज्याङ क्षेत्रको अवलोकन गरेर फर्किएपछि मन्त्री फुयाँलले एमाले नेता-कार्यकर्ताहरूसँग छलफल गरेका हुन् । छलफलमा बोल्दै मन्त्री फुयाँलले थाहा नगरको पर्यटन प्रवर्धनका लागि एमाले थाहा नगर कमिटीले गरेको सिफारिस अनुसार सकेसम्म बजेट विनियोजन गरिएको बताए । '

तपाईंहरूले गरेको सिफारिस अनुसार सीमभन्ज्याङमा सात ताल निर्माण, चित्लाङमा महाकवि मार्ग, ढुङ्गेधारा पुनर्निर्माण लगायतका क्षेत्रमा बजेट विनियोजन भएको छ, गुणस्तरीय र प्रभावकारी ढङ्गले काम होस्,' उनले भने । सो कार्यक्रममा नेकपा एमाले थाहा नगर अध्यक्ष अच्युत्तमप्रसाद ढकालले सीमभञ्ज्याङमा पर्वतीय ताल निर्माण लगायत क्षेत्रमा बजेट विनियोजन गरेकोमा मन्त्री फुयाँललाई धन्यवाद दिएका थिए ।

'थाहा नगरलाई पर्यटकीय गन्तव्य बनाउने सन्दर्भमा प्रदेश सरकार सँग हामीले राखेको केही माग सम्बोधन भएको छ, अझ धेरै गर्न बाँकी छ,' उनले भने ।


कार्यक्रममा एमाले नगर अध्यक्ष ढकाल, जिल्ला सदस्यहरू गणेशमान श्रेष्ठ, विमलकुमार ढकाल, सुरेन्□मान प्रधान, वडा अध्यक्ष गुप्तबहादुर कार्की, थाहा नगरसचिब कुमार नेगी लगायत सहभागी थिए ।


## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर


# पाण्डुकेश्वरको छाना तामाले टिलिक्क !



◆ विकास संवाददाता

हिन्दु धर्म शास्त्रअनुसार ६४ ज्योतिर्लिङ्गमध्ये एक मानिने थाहा नगरपालिकाको पाण्डुकेश्वर मन्दिरको छाना तामाले टिलिक्क देखिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहयोगमा मन्दिर पुनर्निर्माणको क्रममा तामाको छाना राखिएको हो ।

२०७२ साल बैशाख १२ गतेको विनासकारी भूकम्पले क्षतिग्रस्त भएपछि मन्दिर पुनर्निर्माण गरिएको हो । २०७४ साल चैत २७ गते सो मन्दिर पुनर्निर्माणको शिलान्यास गर्दासम्म मन्दिरको छाना पूर्ववत् जस्ताकै राख्ने स्टमेट भए पनि पाण्डुकेश्वर क्षेत्र विकास समिति र स्थानीय अनुरोधमा पुरातत्व विभागले तामाको छाना राखिदिएको हो । विभागले ठेक्का प्रक्रियाबाट रू. ३३ लाखमा मन्दिरमा तामाको छाना व्यवस्था गरिदिएको पाण्डुकेश्वर क्षेत्र विकास समितिका अध्यक्ष जनक हमाल ठकुरीले जानकारी दिए । यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय विभागकै १ करोड १७ लाख ९२ हजार बराबरको ठेक्कामा मन्दिर पुनर्निर्माण गरिएको थियो ।

अहिले पुनर्निर्मित मन्दिरको छानासमेत व्यवस्थापन भएपछि अब मन्दिर थप आकर्षक भएको छ । मन्दिरको प्राङ्गण रू. १५ लाख बराबरको ढुङ्गा बिछ्याएर प्रदेश सरकारले चिटिक्क पारिदिएको छ भने स्थानीय विकास साझेदारी कार्यक्रम (साँसद विकास कोष)को रू. १० लाखबाट रंग-रोगनसहित घेराबार गरिएको छ । त्यसैगरी थाहा नगरपालिकाले करिब रू. ३ लाख लगानी गरी आकर्षक द्वार निर्माण गरिदिएको छ ।

# सामूहिकरूपमा लुतो फालियो

◆ विकास संवाददाता

गाउँ घरमा लुतो फाल्ने प्रचलन हराउँदै गएको भन्दै थाहा नगरपालिका वडा नं. ३ बागेखोलामा १ साउन साँझ सामूहिकरूपमा लुतो फालिएको छ ।

घरघरमा मात्रै मनाउँदै आइएको साउने संक्रान्तिको लुतो फाल्ने परम्परालाई सामूहिक कार्यक्रम बनाई परम्परा र संस्कृतिको रक्षाको लागि सामूहिक लुतो फाल्ने कार्यक्रम गरिएको स्थानीय राजु कार्कीले बताए । थाहा नगरपालिकामा पछिल्लो समय मौलिक चाडपर्वहरूको अस्तित्व हराउँदै गएको र त्यसतर्फ युवाहरूको आकर्षण बढाउन सामूहकिरूपमा लुतो फालेको बताएका छन ।

लुतो फाल्ने परम्परा पछिल्लो समय हराउँदै गएको र परम्पराको रक्षा सामूहिक लुतो फाल्ने कार्यक्रम आयोजना गरिएको सुदर्शन कार्कीले बताए ।

वर्खाभरि हिलो र पानीमा डुबेका कृषकहरूलाई यो रातमा विभिन्न औषधि मिसिएको जडीबुटी बालेको आगो तापेर आफूलाई स्वस्थ्य राख्ने प्रयास गरेको पूर्व वडाध्यक्ष भीमसेन खत्री बताउछन् । 'लुतो फाल्नका लागि तयार गरिएको दाउरा र आगोमा पनि विशेष शक्ति हुन्छ,' उनी भन्छन्- 'त्यस बेलामा विभिन्न जडीबुटीहरू बालिएको हुन्छ, जुन छालाका लागि राम्रो हुन्छ ।'

लुतो, दाद आदि छालासम्बन्धी रोगबाट मुक्ति पाउन लुतो फाल्ने चलन रहदै आएको छ । असारभर गरिने खेतीपातीका क्रममा हिलोका कारण फैलिन सक्ने छालासम्वन्धी र ोगबाट जोगिन लुतो फाल्ने प्रचलन स्वरूप यो पर्व मनाउन थालिएको हो । प्रचलन अनुसार मछिनो, कागभलायो, कुकुरदाइने, लुतेझार, पानीसरो,कुरिलो, हाँडेउन्यू, आरू आदि औषधि र फलफूलको पुजा गरिन्छ ।

त्यसको साथमा कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फ्याँक्ने गरिन्छ । लुतो फ्याँक्दा नाङ्लो ठटाउने, शक्त फुक्ने, घण्ट बजाउने, ढिकी कुट्ने र एकछिन घरको ढोका बन्द गर्ने चलन छ । तर हिजोआज यी सरदामहरू जुटाउन मुस्किल हुने गरेको मनोज अधिकारी बताउँछन् ।

**फोटो:** सामुहिक लुतो फाल्ने कार्यक्रमका सहभागीहरु



# • सम्पादकीय •

## विस्थापितको स्थापित हुने अपेक्षा

नेपालको भौगोलिक अवस्थाका कारण कुनै पनि समय पहाडमा पहिरो र तराईमा डुबान हुनसक्छ। मनसुनी विपत् नेपालको नियमित नियति नै हो। वर्षात्को समयसँगै तराईका नदीकिनार र पहाडको भिरालो ठाउँमा बस्ने नागरिकको निन्द्रा हराउँछ। बाढीले डुबाउला र पहिरोले पुर्ला भन्ने चिन्ताले जोखिम भएको स्थानका नागरिकलाई वर्षात्को समय कटाउनै मुस्किल पर्छ। वर्षेनी आउने यस्ता विपत्तिले धनजनको ठूलो क्षति गर्दै आएको छ। पहिरो र बाढीका कारण सैयौं बेपत्ता र मृत्युको मुखमा पुगेका छन्। हजारौं विस्थापित परिवार स्थापित हुन सकेका छैनन् भने विस्थापित हुनेको संख्या वर्षेनी थपिने क्रममा छ।

प्रविधिको विकाससँगै नेपालमा पनि मौसमको पूर्वानुमान गर्न थलिएको छ। जसका कारण कुन दिनको मौसम कस्तो होला ? विज्ञहरूले समयमै सचेत बनाउँदै आएका छन्। तर, विपत् आउने भएर ठाउँ छाडेर सर्नुपर्ने अवस्थाका नागरिकलाई पनि समयमा सुरक्षित राख्न नसक्दा बढी मानवीय र आर्थिक क्षतिको हुने गरेको छ। यो वर्ष पनि मौसमको सक्रियतासँगै नदीमा आएको बाढीले बबन्डर मच्चाउन सुरु गरेको छ। पहाडमा पहिरो र तराईको बाढीले मनसुन सुरु भएकै समयमा सयौं विस्थापित र दर्जनौंको संख्यामा ज्यान गएको छ। भौतिक र आर्थिक क्षतिको मूल्यांकन गर्ने समय लाग्ला तर विस्थापित बनेकाहरूको मानसिक क्षतिको मूल्यांकन कुनै पनि समय गर्न सकिँदैन। उनीहरूको अवस्था दयनीय नै हुन्छ। नेपाल बहुप्रकोपीय दृष्टिकोणले बिसौं, जलवायु परिवर्तनको हिसाबले पाँचौं, बाढीपहिरोको दृष्टिकोणले तिसौं र भूकम्पीय दृष्टिकोणले एघारौं जोखिमपूर्ण देशका रूपमा छ। तथ्यांकहरूले प्राकृतिक विपत्तिको जोखिमपूर्ण स्थानमा नेपाललाई देखाए पनि हाम्रो मुलुकले आफ्नो अवस्था अनुसारको तयारी गरेको छैन। बाढीपहिरोबाट विस्थापित बने चाउचाउ बिस्कुट लगेर बाँड्ने र पाल दिएर खुल्ला ठाउँमा विस्थापितलाई छाड्ने परिपाटी नै छ। मृतकका परिवारलाई सामान्य राहत दिएर झारो टार्ने सरकारले पुनः विपत्तिमा नपार्न दीर्घकालीन योजना बनाएको पाइँदैन। जसका कारण वर्षेनि त्यस्तै प्रकृतिका प्राकृतिक विपत्तिका घटना दोहोरिएको छ। विभिन्न जिल्लामा विपत्बाट विस्थापित बनेकाहरू अझै पनि चिसो भुइँ र पालमा छन्। उनीहरूको व्यवस्थापन भएको छैन। न्यानो घर बाट चिसो पाल र भुइँमा पुगेका बालबालिका र वृद्ध/वृद्धा अझै बढी पीडामा छन्। बाहिरी वातावरणमा उनीहरूको स्वास्थ्य अवस्था पनि बिग्रन्छ। कतिले त पुनः स्थापित हुन नपाउँदै चिसो भुइँ र पालमुनि नै ज्यान समेत गुमाएको तितो यथार्थ हामीसँग छ। गोरखा, जाजरकोट र मकवानपुर लगायतका जिल्लामा यो वर्ष नै विपतका कारण सयौं परिवार विस्थापित बनेका छन्। वर्षौंदेखि विस्थापितहरू स्थापित भएका छैनन्। संघीय संरचनासँगै गाउँगाउँमा जनप्रतिनिधि पुगे पनि उनीहरूले यो विषयलाई गम्भीर रूपमा लिएका छैनन्।

विपत् बाजा बजाएर त आउँदैन। तर, विपत्तिले ल्याउने समस्याको समयमै मूल्यांकन र अनुमान भने गर्न सकिन्छ। विपत्तिबाट नागरिकलाई जोगाउनु सरकारको दायित्व पनि हो। कुन समय कहाँ बाढीपहिरो आउँछ र त्यसले क्षति कति पुऱ्याउँछ अनुमान गर्न त गाह्रो नै हुन्छ। तर, जोखिमपूर्ण स्थानमा रहेका नागरिकलाई समयमै सुरक्षित स्थानमा सार्न सके क्षति रोक्न र विस्थापित हुनेको संख्या घटाउन भने सकिन्छ। सरकार स्थिर छैन। समय समयमा फेरिने सरकारको नेतृत्वमा तिनै नागरिकलाई सपना देखाउने नेताहरू पुग्ने गरेका छन्। विपत् न्युनीकरण गर्दै यसले सृजना गरेका समस्या समाधानमा अबको सरकारको ध्यान पुगोस्।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |


*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# शिक्षा विकासमा स्थानीय तहको भूमिका

सानोभाइ कार्की




अहिले मुलुक विश्वव्यापी कोभिड महामारीबाट ग्रसित छ। भाइरस संक्रमण अत्यन्तै छिटो एकबाट अर्कोमा सर्ने भएकोले बढी भन्दा बढी सम्वेदनशील मानिएको छ। मानिसहरूको जमघट बाक्लो हुने क्षेत्रलाई सम्वेदनशील क्षेत्र मानी त्यसप्रकारको गतिबिधिलाई निषेधित क्षेत्र मानिनु विविध उपायमध्ये प्रमुख मानिएको छ। अहिले करिब दुई महिनाको लकडाउन पछि खुकुलो पारिएको निषेधाज्ञामा पनि मानिसका बढी जमघट हुने विद्यालय, क्याम्पस, सिनेमा हल, पार्टी प्यालेस र सामूहिक जमघट भई गरिने सभा-सम्मेलनहरूलाई पूर्णतया बन्देज गरिएको छ। यो सकारात्मक पक्ष हो कि अहिले पनि कोभिडको प्रभाव सामान्यीकरण नहुनु र तेश्रो भेरियण्टको प्रभावको लक्षण देखा परिसकेको क्षणमा सबै गतिबिधि सामान्य ठानिनु बुद्दिमानी हुँदैन। त्यसो त प्रथम आक्रमणमा वृद्धवृद्धा र दीर्घ रोगीहरू रोगको सिकार बन्नु, दोश्रो प्रभावमा युवा र केही बालबालिकाहरू पनि सिकार बनेर ज्यान गुमाउन बाध्य हुनु र तेश्रो र चौँथो भेरियण्ट बालबालिका केन्द्रित हुन सक्ने बिज्ञहरूबाट सुचना प्रदान गर्दागर्दै संवेदनशील विद्यालय क्षेत्रको सञ्चालन नगर्नु केही हदसम्म सही मान्न सकिन्छ।

तर यहाँ गम्भीर प्रश्न उठ्छ कि के विद्यालय बन्द गर्नु र गरिरहनु स्थायी समाधान हो ?

कोरोना कहरको पहिलो लहर २०७६ चैत्र ६ गतेदेखि हुने कक्षा १० को परीक्षालाई चैत्र ५ गतेको राष्ट्रिय परीक्षा बोर्डको सूचनाले बन्द हुन पुग्यो। यद्यपि यस वर्षको कक्षा १ देखि ९ सम्मको पढाईमा सो वर्ष कुनै असर परेन।

कक्षा १० को अन्तिम परीक्षा रोकियो। लामो समयको अन्यौलताले विद्यार्थीहरूमा मानसिक तनावले राम्रै घर गऱ्यो। तनावको निष्कर्षमा राष्ट्रिय परीक्षा बोर्डले विद्यालयले आन्तरिक मूल्याङ्कनको आधारमा नतीजा घोषणा गर्ने र निर्णयकर्तामा सो विद्यालयको प्र.अ., बरिष्ट शिक्षक र विषय शिक्षक समेत रहेको ३ सदस्यीय समितिलाई जिम्मेवारी तोकियो र उतीर्णको कार्यविधी परीक्षा बोर्डले तय गरेबमोजिम हुने प्रबन्ध गरियो। यस प्रकृयाको नतीजा प्रकाशनले विद्यार्थीहरूमा खुशी र दुःखी बनायो। सक्षम विद्यार्थीहरू यो बिधिमा दुखी भए। यसो हुनुमा बिद्यार्थीहरू अन्तिम परीक्षामा तुलनात्मक रूपले बढी मिहेनती हुनु ,उनहरूको अघिल्ला परीक्षाको दाजोमा जिपिए बढाउन प्रयत्न गरिनु र आफ्ना नजिकका प्रतिष्पर्धीहरूीलाई उछिन्दै अघि बढ्ने सपना चकनाचुर हुनु नै थियो। अर्काथरी जो कम मिहिनेतका बावजुद कक्षा १० को अन्तिम परीक्षामा सहभागी हुने र मौका परीक्षाबाट भए पनि कक्षा ११ भर्ना हुने अवसर कुरेर बसेका थिए, उनीहरूको लागि स्वर्ण अवसर प्राप्त भयो, खुशी नहुने कुरै भएन। यसो हुनुका पछाडि राष्ट्रिय परीक्षा बोर्डको यस वर्ष मौका परीक्षाको ब्यबस्था नहुने सूचना पनि काफी हदसम्म जिम्मेवार बन्न पुग्यो। लगभग धेरै विद्यार्थीहरू कक्षा १० को फलामे ढोकालाई सजिलै पार गरे। बिगतको फलामे ढोका भनिने कक्षा १० को परीक्षा अब पर्दामात्र सावित भयो। यो प्रकृयाले परीक्षाको तौललाई हल्का बनाइदिएको तथ्य अघिल्लो वर्ष ४०० को हाराहारीमा 'ए प्लस' ल्याउने विद्यार्थीहरूको संख्या ह्वात्तै बढेर ९००० को संख्यामा पुग्नु, विद्यार्थीको प्रमाणपत्रमा आएको प्राप्ताङ्कको आधारमा अभिभावकहरूको आफ्ना बालबालिकाहरूलाई बिज्ञान पढाएर बिज्ञ बनाउने सपनालाई विद्यार्थी स्वयंले असमर्थता जनाउनु, विद्यार्थी आफैँले आफ्नो लब्धांि पत्रको अां लाई विश्वास नगर्नु आदिबाट पनि थुप्रै पक्षमा ध्यान पुराउनु पर्ने चुनौतीहरू देखायो। तल्ला तहदेखि उच्च शिक्षामा अध्ययन गर्ने बालबालिकाहरूमा समेत मिहिनेत गर्ने भावनात्मक रूपमा नराम्ररी धक्का पुगेको महशुस हाल भैरहेको तथ्य छर्लङ्ग छ।

> **“वास्तवमा राम्रा र अनुकरणीय कामहरू सीमित क्षेत्रबाट नै हुने गर्दछ। तर यस्को लागि नेतृत्वको उत्कट ईच्छा र नेतृत्वको अभिलाषा र दृष्टिकोणलाई सहयोग पुराउने उसको टिममा एकाकार हुन अपरिहार्य हुन्छ।”**

यस शैक्षिक सत्रमा समेत ढिला गरी अध्यापन शुरू हुनु र अन्तिम परीक्षाको मुखैमा पुगेर लकडाउन प्रारम्भ हुन पुग्यो। यसबाट अघिल्लो वर्षको सजिलै उतीर्ण भएका बालबालिकाहरूलाई तोकिएको पाठ्यक्रम पूरा गर्न नपाउनु र अन्तिम परीक्षामा सहभागी हुने अवसरबाट बन्चित हुनुपर्दा प्रथम र द्वित्तीय परीक्षाको आधारमा कक्षा चढाउने प्रकृयाले पुनः बज्रपात हुन पुग्यो भने कक्षा १० का विद्यार्थीहरू करिब-करिब कोर्ष पूरा भए पनि अभ्यास गरेर योग्य बन्ने समयमा बन्दाबन्दी लागु हुँदा उनीहरूको पनि लक्ष्य पूरा हुन सकेन। कक्षा १० को अन्तिम परीक्षा यस वर्ष पनि विद्यालयले नै सिफारिस गर्ने र मुल्याङ्कनकर्तामा गत वर्षको विधिमा थप गरेर प्रअको अध्यक्षतामा अँग्रेजी, गणित, विज्ञान शिक्षकहरू र एक जना पुरानो वा वरिष्ट शिक्षक रहेको समिति रहने भनी गत वर्षको कार्यविधिमा बुँदाहरू थप गरी समितिलाई यथासम्भव उत्तरदायी बनाउने गरी बनेको सूचना सम्प्रेषण भएको छ भने अन्य कक्षाको हकमा नतिजा प्रकाशन भई नयाँ सत्र भर्ना अभियान शुरू भैसकेको छ। शिक्षा र शिक्षण, ज्ञान आर्जन गरेर राज्यले तोकेको पाठ्यक्रममा बिज्ञता प्राप्त गर्ने माध्यम हो। जुन माध्यमको नियमित, विधिसम्मत र लगनशील भई पढ्नु र पढाउनु वा सिकाउनुपर्ने हो, त्यो माध्यम नै अन्यौलग्रस्त भइरहेको वर्तमान अवस्थामा शिक्षा सरोकारीहरूको दायित्व एक्कासी बढेको छ। भनिरहनु पर्दैन कि ठीक बेलामा ठीक निर्णय गर्न नसके ठीक काम गर्न सकिँदैन। परिणाम बेठीक प्राप्त हुन्छ। बेठीक नतीजाले उत्पादन पनि बेठीक नै गर्दछ। जुन स्वभाविक हो। शिक्षा आर्जन केबल कर्मकाण्डीमा मात्र सीमित गराउनु अक्षम्य भुल हुन जान्छ। बदलिएको बिश्वमा शिक्षा एकपछि अर्को गरी नयाँनौलो पद्धति र प्रकृयामा चलिरहेको, जन्मिरहेको र जन्माइरहेको हुन्छ। जसको सार नयाँ प्रविधिबाट समाजको रूपान्तरण नै हो कि

जीवनशैलीमा सरलीकरण, चेतनामा वृद्धि र ब्यापकता। अहिले हामीलाई यस सङ्गीन क्षणमा पुऱ्याएको छ। भनिन्छ, ठूलाहरू तिनै हुन् ,जसले असहजतालाई सहज बनाउने प्रयास गर्छ। सफलता प्राप्त गर्दछ।

वाल्मीकिले संस्कृतमा लेखेको रामायणलाई भानुभक्तले नेपाली भाषामा उल्था र श्लोकशैलीमा सरलीकरण गरेर गरेको योगदानले उनलाई आदिकवि बनायो। तत्समयमा उनको समकालीन घाँसीले बटुक सुबिधाको लागि कुवा खनेर आदिकविको समकक्षी बन्न पुगेको पनि स्मरणीय छ। योगदानलाई वर्तमान परिप्रेक्ष्यमा तुलना गर्ने हो भने तौल कम हुन सक्दछ। तर ठीक बेलाको सही निर्णयले ऐतिहासिक महत्व प्राप्त गर्यो र लामो समय गरिमा रहिरहनेछ। यो सोचाइ र गराइबाट वर्तमान समयका सामाजिक अगुवाहरू र अधिकारप्राप्त जननेताहरूले आफ्नो कर्तब्यपरायणतालाई अवसर मानेर शिक्षा लिनु जरूरी छ कि घाँस काटेर परिवार पाल्दै आएका र बचेको पैसाबाट कुवा खनेर कीर्ति राख्न उद्दत घाँसीले जसरी श्रोतको सिर्जना गरेर अमर बने त्यसैगरी हाल प्राप्त संघीय, प्रान्तीय र स्थानीय श्रोत र साधनको भरपुर उपयोग ठोस योजनाको आधारमा पारदर्शी शैलीले दीर्घकालीन महत्व राख्ने गरी प्रयोग गर्नु जरूरी छ। वर्तमान कोभिड प्रकोपले भविष्यको राष्ट्र निर्माताको अभिभारा बोक्नु पर्ने युवा र बालबालिकाहरू सुयोग्य नागरिक बन्ने योग्यता हासिल गर्ने माध्यम शिक्षा आर्जनको अवसरबाट वन्चित छन्। थाहा छैन यो र यसप्रकारको प्रकोप कति समयसम्म प्रभावित हुने हो ? यसैले अहिले स्थानीय सरकारसँग आ-आफ्ना तहका नागरिकहरूलाई सचेत, सक्षम र सुयोग्य नागरिक कसरी बनाउन सकिन्छ ? यो चुनौतीपूर्ण सवाल बन्न पुगेको छ। कोभिड १९ को बिश्वब्यापी प्रभाव र सबै तहको विद्यार्थीहरूको अड्किएको शिक्षा आर्जनको अवसरलाई तालमेल उपयुक्त समयमा नै मिलाउन सकिएन भने हाम्रो भोलीको समाज कस्तो हुन्छ ? उनिहरूबाट हाम्रा नवोदित सन्तानहरूले के आशा र भरोसा लिने ? क्रमिक रूपमा स्कुल कलेजहरू बन्द हुँदै जाने, बालबालिकाहरूको उमेर बढ्दै जाने र अभिभावकहरूको चहाना कक्षोन्नति

बाँकी पेज ३ मा

# बर्षायाममा आहार : के खाने, के नखाने ?



बर्षायाममा छालाको संक्रमण, अपच, पखला जस्ता समस्याले पनि सताउँछ । भनिन्छ, यतिबेला हाम्रो पाचन यन्त्र पनि कमजोर हुन्छ ।

त्यसैले कतिपयले माछा-मासु सेवन गर्दैनन्, यसबेला । आर्युवेदका अनुसार बर्षा ऋतुमा सूर्य उत्तरायण हुन्छ, जसको प्रभाव मानव शरीरमा पनि पर्छ । त्यसैको प्रभावले शरीर कमजोर हुन्छ, पेट सम्बन्धी समस्या हुन्छ ।

बर्षायाममा ग्याष्ट्रिकको संभावना पनि बढी हुन्छ । पित्त दोषको संचय हुन्छ, जसले शरीरमा कतिपय समस्या निम्त्याउन सक्छ । त्यसैले बर्षायाममा खानपान र जीवनशैली सन्तुलित एवं स्वस्थ्य हुनुपर्छ । बर्षायाममा पिउने पानी सामन्यभन्दा बढी भारी हुन्छ, जसले शरीरको मोटाबोलिज्मलाई कमजोर बनाउँछ । यस समयमा भोक पनि कम लाग्छ । यहि कुरालाई ध्यानमा राखेर यस्तो आहार सेवन गरौ ।

-हल्का तथा सादा खानेकुरा सेवन गरौ । चामल, जौ, गहुँ आदिबाट बनेको आहार लिनुपर्छ ।

-गाइको घिउ, कम वोसोयुक्त मासु, दाल, हरियो चना, चामल तथा गहुँबाट बनेको व्यान्जनलाई आफ्नो नियमित आहारमा सामेल गरौ ।

-खानासँग थोरै बीरे नुन र अदुवा आवश्य सेवन गरौ ।

-सकेसम्म उसिनेको सब्जी सेवन गरौ ।

- उमालेर सेलाएको पानीमा मह हालेर सेवन गरौ ।

-काँचो खानेकुरामा परहेज गरौ । यो सिजनमा सलाद त्यती लाभदायक मानिदैन ।

- धेरै पेय पदार्थ पिउनबाट बचौं ।

**कस्तो हुनुपर्छ दिनचर्या**

आहारका साथै सहि दिनचर्या पनि एकदमै जरूरी छ । बर्षाको मौसम आएपछि आ`नो दिनचर्यामा यस्तो परिवर्तन आवश्यक हुन्छ ।

-दिउँसो सुत्न हुँदैन । यसले पाचन यन्त्रलाई असर गर्छ र मोटाबोलिज्मलाई धीमा गर्छ ।

-आफ्नो आसपासको क्षेत्रमा सधै सफा राखै । कहि पनि पानी जम्न नदिने ।

-जब शरीरको तापमान कमजोर हुन्छ, भाइरसले तिब्र आक्रमण गर्छ । शरीरलाई सधै न्यानो राखौ ।

-फोहोर पानीबाट बचौ । खुट्टालाई ओसिलो राख्न हुँदैन ।

- घर बाहिर घाममा धेरै समय बस्नु तथा काम गर्नु हुँदैन । मध्यन्हको समय बाहिर निस्कनु हुँदैन ।

# किन मान्छेले 'अर्काको पिंठ्यु पछाडि कुरा काट्छ ?

'फलानो त यस्तो रहेछ नि' अक्सर मान्छेले यसरी नै पराईको कुरा काट्न सुरू गर्छन् । जब साथीभाई वा आफन्तसँग भेट हुन्छ, उनीहरू अर्को व्यक्तिको दोष केलाउन थाल्छन् । 'फलानो यस्तो, फलानोको छोराछोरी यस्ता, श्रीमती-श्रीमान् यस्ता' भन्दै ।

मान्छेको आम प्रवृत्ति हो, अरूको बारेमा चियोचर्चा गर्ने । त्यही कारण त नेपालीमा समाजमा एउटा उखान प्रचलित भएको हो, 'आफ्नो आङको भैसी नदेख्ने, अरूको आङको जुम्रा देख्ने ।' हुनपनि मान्छेले आफ्नो कमजोरी, अवगुण, गल्ती, दोषबारे चर्चा गर्दैनन् । आफै मन्थन पनि गर्दैनन् । आफ्नै खराबी वा कमजोरी मान्छेलाई त्यती थाहा हुँदैन, जति अरूको थाहा हुन्छ । अरूको गल्ती वा कमजोरी केलाउन परेमा मान्छेले 'महाभारत' सुनाइदिन्छन् । तर, आफ्नो गल्ती वा कमी कमजोरीबारे हामी कुरा गर्न चाहँदैनौं । कसैले आफ्नो गल्ती वा त्रुटी औंल्याइदिएमा त्यसलाई सुधार गर्नुपर्छ भन्ने पनि ठान्दैनौं । बरू, उक्त व्यक्तिसँग वैरभाव साँध्न थाल्छौं । हामीलाई लाग्छ, 'फलानोले मलाई नराम्रो भन्यो ।'

तर, यस्ता मान्छे थोरै हुन्छन् जो तपाईं-हाम्रो सामुन्ने उभिएर हाम्रै कुरा गर्छन् । खासगरी हाम्रो गल्ती-कमजोरी औंल्याउँछन् । महर्षि वाल्मिकीले भनेका छन्, 'संसारमा यस्ता थोरै मात्र मान्छे भेटिन्छन् जो कठोर तर हीतको कुरा गर्छन् ।' आम प्रवृत्ति के हुन्छ भने मान्छेको सामुन्नेमा उभिएर उनकै गल्ती कमजोरीको कुरा गर्ने होइन । बरू, उनको अनुपस्थितीमा भए-नभएको गल्ती खोतल्ने गरिन्छ । जब हामी साथी-साथी भेट हुन्छौं, तब उसैको बारेमा कुरा गर्छौं जो त्यहाँ उपस्थित हुँदैनन् । र, अनुपस्थित व्यक्तिको गुणगान गाउने भन्दा पनि दोष र कमजोरी केलाउने काम गरिन्छ । यसलाई हाम्रो चलनचल्तीको भाषामा 'अर्काको कुरा काट्ने' भनिन्छ ।



**मान्छेले किन अरूको कुरा काट्छ ? के यसबाट कुनै लाभ मिल्छ ?**

अर्काको कुरा काटेर मान्छेले आफ्नै अमूल्य समय बर्बाद गरिरहेका हुन्छन् । यसबाट उनीहरूले कुनै लाभ लिन सक्दैनन् । बरू, अरूको कुरा काट्ने प्रवृत्तिले आ`नै व्यक्तित्वमा हानी गर्छ । अन्ततः उनको साथी-संगत पनि यस्तै मान्छेहरूसँग मात्र हुन्छ । उनीहरू भेट हुनसाथ अरूको कुरा गरेर रमाउँछन् । अरूको अवगुण मात्र केलाउने, अरूमाथि दोष मात्र थुपार्ने प्रवृत्ति यसरी विकास हुँदै जान्छ, त्यो उनीहरूको जीवनकै एउटा अंश जस्तो बनेर रहन्छ । जहाँ गएपनि, जे गरेपनि उनीहरूले अरूको कुरा काट्न छाड्दैनन् । आखिर यस्तो प्रवृत्तिको विकास चाहिँ कसरी हुन्छ ?

उक्त व्यक्ति कस्तो घर-परिवार, समाज वा साथीभाईको संगतमा हुर्किएको हो भन्ने कुराले यसमा निर्भर गर्छ । कुनैपनि मान्छेमा जन्मजात यस्तो अवगुण विकास भएको हुँदैन । मनोविज्ञहरूका अनुसार अति कुष्ठित मान्छेहरू अरूको कुरा काटेर रमाउने अभ्यास गर्छन् ।

यसरी अरूको कुरा काट्दा, अरूको अवगुण केलाउँदा उनीहरूले आनन्द अनुभव गर्छ । किनभने उनीहरूले अरूको कुरा काटेर आफैलाई सान्तवना दिइरहेका हुन्छन् । यो एक किसिमको मनोविकार हो । यस किसिमको प्रवृत्तिले उनीहरूको व्यक्तित्व विकासमा अवरोध त पु¥याउँछ नै विस्तारै मानसिक रोगी समेत बनाउँछ ।

**के यस्तो बानी सुधार्न सकिन्छ ?**

कुरा काट्ने व्यक्ति स्वयम्लाई थाहा हुन्छ, यो खराब आचरण हो । खराब प्रवृत्ति हो । तर, उनीहरू आफ्नै मनलाई सान्तवना दिन, आफ्नै कुष्ठा लुकाउन यसो गरिरहेका हुन्छन् । संसारमा यस्ता कुनैपनि मान्छे हुँदैनन्, जसमा कुनै दोष छैन । जसमा कुनै कमजोरी छैन । जसमा कुनै अवगुण छैन । जसले गल्ती गरेको छैन । सर्वगुणले सम्पन्न मान्छे सायदै हुन्छन् । अतः दोस्रो व्यक्तिको गल्ती केलाउँदै बस्ने हो वा उनको टिका-टिप्पणी गर्दै बस्ने हो भने, हाम्रो जीवन वितेको पनि पत्तो हुँदैन ।

मान्छेको गल्ती वा अवगुण केलाएर होइन, बरू उनीहरूको क्षमता र गुण पहिचान गरेर त्यसमा आफुलाई अभ्यस्त गराउनु उत्तम हुन्छ । अर्कोको पिँठ्यु पछाडि निन्दा गर्नु जति सुखकारी र आनन्ददायी लाग्छ, उतिनै अहितकारी पनि । सन्त कबिरले भनेकै छन् नि, 'म संसारमा खराब मान्छेहरू खोज्न निस्किएँ, तर, आफु स्वयम् भन्दा खराब अरू कोहि भेटिएन ।'

# कस्ता व्यक्तिले कोरोनाविरूद्धको खोप नलगाउने ?




कोरोना विरूद्धको खोप कसले लगाउने र कसले नलगाउने भन्ने अन्योल छ। १८ वर्षमाथिका सबै व्यक्तिले खोप लगाउन मिल्छ तर केही अवस्थाहरू पनि यस्तो अवस्थाको लगाउन मिल्दैन ।

**निम्न अवस्थामा व्यक्तिले कोरोना विरूद्धको खोप लगाउन हुँदैन :**

१. १८ वर्षभन्दा कम उमेरका व्यक्ति

२. खोपको पहिलो मात्रा लगाएपछि एनाफाइलेक्सिस् प्रतिक्रिया (गम्भीर एलर्जी) भएको व्यक्ति

३. यो खोपको कुनै तत्वबाट गम्भीर प्रकारको प्रतिक्रिया वा एनाफाइलेक्सिस् भएको व्यक्ति

४. पहिला अन्य कुनै खोप, सुई, औषधि वा खानेकुराबाट गम्भीर प्रकारको प्रतिक्रिया भएको व्यक्ति

५. हाल गम्भीर बिरामी भएको वा उच्च ज्वरो आएको व्यक्तिले निको नहुन्जेल

६. कोभिड-१९ को लागि मोनोक्लोनल एन्टीबडी वा कन्भाल्सेन्ट प्लाज्मा थेरापी उपचार विधि अपनाएका व्यक्तिले ९० दिन पछि खोप लगाउन मिल्छ

७.कोरोना संक्रमितले संक्रमणमुक्त भएको ३० दिनपछि खोप लगाउन मिल्छ ।

यी अवस्था भएका व्यक्ति बाहेक बाँकी सबै व्यक्तिले आफ्नो पालो आउँदा खोप लगाउनुपर्छ। खोप लगाउनु अघि आफ्नो रोग र आफुले सेवन गरिरहेको औषधिबारे स्वास्थ्यकर्मीलाई जानकारी गराउनुपर्छ ।

# शिक्षा विकासमा स्थानीय.....

भइरहने परिपाटीको बिकल्प सोच्न सकिएन र ब्यबस्थापन गर्न सकिएन भने हामी सबैले नचाहेर पनि आखिर हुने त्यही त हो । यस परिस्थितिलाई मध्यनजर गरी कतिपय पालिकाहरूको परिषद बैठकद्वारा विद्यार्थीहरूको वर्तमान परिस्थितिलाई ध्यानमा राखी योजनाहरू प्रस्ताव गरेका खबरहरू आइरहेका छन् । कतिपय पालिकाहरूले शिक्षकहरूलाई अनलाइन सीप विकास तालिम, कतिपयले शिक्षकहरूलाई ल्यापटप वितरण, कतिपयले विद्यालय सेवा क्षेत्रमा वाइफाइको प्रबन्ध, विद्यालय प्रबलीकरण, अभिभावक सक्षमता र विद्यार्थी सहजीकरण जस्ता कार्यक्रमहरू पस्किरहेका छन् । यो दायित्वबोधसँग अन्तर्सम्बन्धित् छन् ।

जसको परिणाम वर्तमानमा लगानी महँगो भए पनि भविष्य ती बालबालिकाहरूको उज्ज्वल भविष्यसँग महत्वपूर्ण हुनेछ । वास्तवमा राम्रा र अनुकरणीय कामहरू सीमित क्षेत्रबाट नै हुने गर्दछ । तर यस्को लागि नेतृत्वको उत्कट ईच्छा र नेतृत्वको अभिलाषा र दृष्टिकोणलाई सहयोग पुराउने उसको टिममा एकाकार हुन अपरिहार्य हुन्छ ।

सारमा थाहानगरपालिका कृषि, पर्यटन र पूर्वाधारहरूको बिकासमा आफ्नो लक्ष्य बोकेर अघि बढिरहेको सन्दर्भमा पूर्वाधारहरूको पनि पूर्वाधार शिक्षा नै भएकोले अबका दिनमा यो नगरपालिकालाई यो संक्रमणको अवस्थामा विद्यार्थीहरूको भविष्य उज्जवलताको लागि टोलटोलमा वाइफाइको प्रबन्ध, शिक्षकहरूको क्षमता अभिवृद्धिको योजना र सो लक्ष्यमा पुग्न असमर्थ वा अभिरूचि नदेखाउनेहरूलाई उचित सम्मानका साथ विदाइ, अभिभावकहरूलाई बालबालिकाहरूप्रति अभिभावकीय दायित्वको सचेतना, शैक्षिक सरोकारी र लगानीकर्ताहरूलाई आधुनिक अवस्थाको सहजीकरण हुने लगानीमा अभिप्रेरित, विद्यार्थीहरूको सहजताको लागि अवस्था पहिचान र दीनदुखी र जेहन्दारहरूलाई दिंइदै आएको छात्रवृत्तिको परिणाम र सेक्टरलाई परिवर्तन, चुस्तदुरूस्त र जवाफदेही पूर्ण अनुगमन, विद्यालयहरूको अवस्था पहिचान गरी भविष्यमा ठूला स्कुल, पूर्ण स्कुल, सम्पन्न स्कुल, केन्द्रीकृत स्कुल र आवासीय स्कुलको परिकल्पना र कार्यान्वयन आजको आवश्यकता हो र यसो गर्न सके हाम्रो विकेन्द्रित अधिकार र कर्तब्यको भूमिका निर्वाह हुने ठहर हुन्छ भन्ने लाग्दछ ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# बागमती प्रदेशमा बढ्यो सवारी कर

◆ विकास संवाददाता

बागमती प्रदेशमा सवारी कर मा वृद्धि भएको छ।बागमती प्रदेश सर कारले चालु आर्थिक वर्ष २०७८/०७९ को बजेटमा सवारी कर,दर्ता, नवीकरण र इजाजत दस्तुरमा वृद्धि गरेको हो ।

प्रदेश सरकारले साना क्षमताका विद्युतीय सवारी सहित पेट्रोलियम पदार्थबाट चल्ने सबै करमा वृद्धि गरेको हो। सरकारले क्षमताका आधारमा न्युनतम ५ सय देखी अधिकतम ५ हजार रूपैयाँसम्म बढाएको छ। सरकारले भाडाका तेल ट्याङ्कर, ग्यास बुलेटको कर चार हजार रूपैयाँले वृद्धि गर्दै २२ हजार रूपैयाँ पुऱ्याइएको छ । कर दस्तुर बढेसँगै अब १००० सीसी क्षमताकै एघार हजार रूपैयाँ बुझाउनुपर्ने भएको छ।भाडाका मिनी बसा/ट्रकको कर एक हजार पाँच सय रूपैयाँले वृद्धि गरिएको छ भने ठूला बस/ट्रकको कर २ हजार रूपैयाँले वृद्धि गर्दै २० हजार रूपैयाँ पुऱ्याइएको छ । त्यसैगरी थ्री ह्वीलर टेम्पो, ट्याक्टरको नविकरण दस्तुरमा पनि ५ सय रूपैयाँले कर वृद्धि गरिएको छ ।

बागमती प्रदेश सरकारले मोटर साइकल तथा स्कुटरको करको दस्तुर पनि बढाएको छ । १२५ सीसीसम्मका मोटरसाइकलको करमा दुइसयले वृद्धि गर्दै ३ हजार रूपैयाँ पुर्याएको छ भने एक सय २६ देखि १५० सीसीसम्मका मोटरसाइकलास्कुटरको कर पाँच सयले वृद्धि गर्दै पाँच हजार पुर्याइएको छ। त्यसैगरी १५० देखि २२५ सीसीसम्मका मोटरसाइकलको कर पनि पाँच सय रूपैयाँ र ४ सय सीसीसम्मका मोटरसाइकलको कर २ हजार रूपैयाँले बढाइएको छ । ६५० सीसीसम्मको मोटरसाइकलको कर २० हजारमै यथावत राखिएको छ भने ६५० सीसीभन्दा माथिका मोटरसाइकलको कर पनि ३० हजार रूपैयाँमै यथावत राखिएको हो ।त्यस्तै निजी सवारीहरूको कर पनि वृद्धि गरिएको छ ।अधिकतम ५८ हजार पाँच सय रूपैयाँ कर तिर्दै आएका निजी जीप, कार भ्यान खरि दकर्ताले साउन १ गतेबाट ६५ हजार रूपैयाँ कर बुझाउनुपर्नेछ । एक हजार सीसीसम्मका जीप कार भ्यानको कर २१ हजारबाट एक हजार रूपैयाँ वृद्धि गरिएको छ ।

एक हजार पाँच सय सीसीसम्मका जीप कारको कर २३ हजार पाँच सय तिर्दै आइएकोमा २५ हजार पुऱ्याइएको छ ।साउन १ गतेदेखि लागू भएको बागमती प्रदेशको आर्थिक ऐनअनुसार निजी मिनी ट्रक र मिनी बसको कर २ हजार पाँच सय रूपैयाँले वृद्धि भएको छ । नयाँ दरअनुसार अब निजी मिनी ट्रक र बस खरिदमा २७ हजार रूपैयाँ कर लाग्नेछ । ठूला निजी ट्रक र बसको कर पनि २ हजार रूपैयाँले वृद्धि गरी ३५ हजार रूपैयाँ पुऱ्याइएको छ ।निजी एक्साभेटर, डोजर लोडर, क्रेनको कर पनि एक हजार पाँच सयले वृद्धि गरिएको छ ।ट्रिपरको कर ३९ हजार तोकिएको छ भने मिनी ट्रिपरको कर २७ हजार पाँच सयबाट वृद्धि गरी ३० हजार रूपैयाँ पुऱ्याइएको छ ।

पेट्रोलियम पदार्थबाट चल्ने सवारी विस्थापित गरेर प्रदेशभर विद्युतीय सवारी चलाउने निति लिएको बागमती प्रदेश सरकारले पेट्रोलियम पदार्थबाट चल्ने सबैखाले सवारीको नविकरण तथा कर दस्तुरमा अधिकतम वृद्धि गरेको हो।

# क्याम्पसलाई सहयोग

◆ विकास संवाददाता

हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसलाई हेटौंडा उपमहानगरपालिका वडा नंबर ४ ले ९ वटा कम्प्युटर, २ वटा प्रोजेक्टर, १ वटा प्रिन्टर सहयोग गरेको छ । बिहिबार वडा अध्यक्ष नवीन सिग्देलले क्याम्पस प्रमुख देवचन्द्र मानन्धरलाई उक्त सामग्री हस्तान्तरण गरेका हुन् । प्रविधिमैत्री शिक्षालाई प्रभावकारी बनाउन सहयोग पुग्ने उद्देश्यले ५ लाख रूपैयाँ बराबरको आधुनिक प्रविधिको उपकरणहरू सहयोग गरिएको वडा अध्यक्ष सिग्देलले बताए ।

कार्यक्रममा हेटौंडा क्याम्पसका क्याम्पस प्रमुख मानन्धरले तराई क्षेत्रदेखि विकट ठाउँबाट विपन्न वर्गका विद्यार्थी पनि उच्च शिक्षा हासिलका लागि आउने भएकाले कक्षा १२ मा कम्प्युटर विषय पढाउने वातावरण मिलेको बताए। स्थानीय तथा प्रदेश सरकारको सहयोगमा क्याम्पसको शैक्षिक, भौतिक र आर्थिक विकासमा थप सहयोग पुगेकोले विद्यार्थीलाई न्यून शूल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्न सहज भएको पनि क्याम्पस प्रमुख मानन्धरले बताए ।

# हेटौंडामा निर्माण हुँदै अत्याधुनिक बस टर्मिनल



◆ विकास संवाददाता

बागमती प्रदेशको राजधानी हेटौँडामा अत्याधुनिक बस टर्मिनल निर्माणले तिव्र रूप लिएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१० टिसीएनमा सुविधा सम्पन्न बस टर्मिनल निर्माणको काम धमाधम भैरहेको हो । उपमहानगरपालिकाको ३५ करोड रूपैयाँ लागतमा बस टर्मिनल निर्माण सुरु गरिएको मेयर हरि बहादुर महतले बताए ।

उपमहानगरपालिकाले ठुलो लगानीमा बस टर्मिनल तथा कम्प्लेक्स निर्माण भइरहेको हो । उपमहानगर पालिकाको गौरवको आयोजानका रूपमा रहेको बस टर्मिनलको जग राख्ने काम भइरहेको छ । उपमहानगरपालिकाले यो भवन निर्माण भएपछी आन्तरिक श्रोत पनि बृद्धी हुने र सुबिधा सम्पन्न बसपार्क पनि निर्माण हुने छ ।

कुल ३५ करोड रूपैयाँ लागतमा निर्माण गर्न लागिएको बस टर्मिनलको १८ महिनामा निर्माणको काम सक्नेगरी निर्माण कम्पनिलाई जिम्मा दिइएको उपमहानगरपालिकाका मेयर महतले बताए । बस टर्मिनल निर्माण गर्नका लागि रसुवा आसिस जेभी निर्माण सेवाले ठेक्का प्राप्त गरेको छ ।

सुन्दर बस पार्क सहितको ब्यापारीक कम्प्लेक्स निर्माण गर्न लागिएको उनको भनाई छ। तीन तलाको कम्प्लेक्स र नयाँ मोडलको बसपार्क निर्माण गर्न लागिएको हो । बहुवर्षिय योजना अनुसार बसपार्क निर्माणको कामसुरू भएको हो। संझौता भन्दा अगाबै काम सक्ने निर्माण कम्पनिले दावि गरेको छ ।

# कृषियन्त्र उपकरण वितरण

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकाले मंगलबार कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारीहरूलाई विभिन्न कृषियन्त्र उपकरणहरू वितरण गरेको छ । मकवानपुरगढी वडा नम्बर ३ मा रहेको धमिले कृषि सहकारी संस्था र वडा नम्बर ६ मा रहेको एकीकृत शत्रुजीव व्यवस्थापन आई पि एम कृषक सहकारी संस्थालाई कल्टिभेटर सहितको ठूलो ट्र्याक्टर ११ वटा वितरण गरिएको छ । अन्य कृषि यन्त्र उपकरणहरूमा मिनि टिलर २७ वटा मकै छोडाउने मेशिन २० वटा र हाते मकै रोप्ने मेशिन २० वटा वितरण गरेको हो । गाउँपालिका अध्यक्ष बिदुर हुमागाईले कृषि क्षेत्रमा अब परम्परागत तरिकाले भन्दा पनि आधुनिक कृषि यान्त्रिकरणको प्रयोगले मात्र सफल हुन सकिने भन्दै त्यस तर्फ गाउँपालिकाले कदम चालेको र त्यसकै फलस्वरूप विभिन्न प्रकारका यन्त्र उपकरणहरू वितर ण गरिएको बताए। कृषिमा समृद्धि ल्याउन उत्पादनमा जोड दिनुपर्ने भन्दै पालिकाले कृषि उपज उत्पादनमा लागेका किसानलाई प्रत्यक्ष अनुदानको व्यवस्था गरेको बताए । यस कार्यक्रमबाट ५ वटा कृषि सहकारी, १६ वटा कृषक समूह र १२ वटा कृषि फर्महरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् भने अप्रत्यक्ष रूपमा सयौ कृषकहरू लाभान्वित हुने गाउँपालिकाका कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले बताए ।

# गाउँपालिकाका अध्यक्षद्वारा आर्थिक सहयोग




◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिकाका अध्यक्ष दामोदर खनालले आफ्नो जन्मदिनको अवसरमा गाउँपालिकामा संचालनमा आएको पुस्तकालयलाई आर्थिक सहयोग गरेका छन् । अध्यक्ष खनालले एकसाता अघि पुस्तकालय अभियान समूह मकवानपुरले ५० हजार रूपैयाँको पुस्तक सहयोग गरेपछि सुरू भएको बकैया सार्वजनिक पुस्तकालयलाई पुस्तक खरिदका लागी १० हजार रूपैयाँ सहयोग गरेका हुन् ।

उनले २ साउनमा पुस्तकालय सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्न आयोजित भेलामा आफ्नो जन्मदिनको अवसरमा पारेर आर्थिक सहयोग गरेका हुन । बकैया गाउँपालिका वडा नम्बर -४ का वडा अध्यक्ष राजन दंगालको सभाध्यक्ष एवं बकैया गाउपालिका अध्यक्ष खनालको प्रमुख आथित्यमा भेला भएको हो ।

भेलाले सुस्मिता घोरसाइनीको अध्यक्षतामा ११ सदस्यीय पुस्तकालय संचालन तथा व्यवस्थापन समिति चयन गरेको छ। समितिको उपाध्यक्षमा रामचन्द्र खड्का, सचिवमा हरिप्रसाद दाहाल र कोषाध्यक्षमा अमोद बस्नेत चयन भएका छन्। यसैगरी सदस्यहरूमा दीपक गौतम, गोविन्द चौलागाई, प्रकाश बस्नेत, रज्जु चौलागाई, सुशील घिमिरे, रमेश फुयाँल र विजय लाल स्याङ्तान रहेका छन् । गाउँपालिकाका अध्यक्षले सहयोग गरेको रकमबाट पुस्तक खरिद गरिने पुस्तकालय सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य गोविन्द चौलागाईले जानकारी दिए ।

# आईसोलेसन सेन्टर बन्द




◆ विकास संवाददाता

मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा संघकै स्वामित्वको पल्पसन सभागृहमा सञ्चालनमा आएको आइसोलेसन सेन्टर बन्द भएको छ ।

गत जेठ १९ गतेबाट संघले मकवानपुरको विभिन्न संघसस्थाको सहयोगमा आइसोलेसन सेन्टरलाई सञ्चालन गर्दै आईरहेको थियो । सञ्चालनमा आएको ४४ दिनपछि संघले आइसोलेसन वार्डलाई बन्द गरेको हो । असार ३१ गतेसम्म त्यहा रहेका केहि ब्यक्तिहरू संक्रमण मुक्त भएपछि सेवा बन्द गरिएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कटुवालले बताए ।

सस्थाको सामजिक उत्तर दायित्व र मूलकुलाई अप्ठ्यारो परेको अवस्थामा आफ्नो तहबाट हुने सहजिकरणको लागि आइसोलेसन सञ्चालन गरिएको संघले जनाएको छ । आइसोलेसनमा डाक्टर, नर्स सहितको स्वास्थ्यकर्मीएको एक समुहले सेवा दिएको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# मकवानपुरमा ७ दिन 'लकडाउन' थपियो



◆ विकास संवाददाता

मकवापुरमा जारी निषेधाज्ञा साउन ७ गतेसम्म थप गरिएको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेले ३१ असारमा आदेश जारी गर्दै साउन ७ गतेसम्मका लागि निषेधाज्ञा थपेका हुन् ।

यो पटक थप गरिएको निषेधज्ञा थप खुकुलो भएको छ । यो पटक खाद्यान्न पसल सञ्चालनमा १ घण्टा थप गरी अब ११ बजेसम्म र अन्य ब्यवसाय सञ्चालनमा २ घण्टा थप गर्दै बिहान ११ बजेबाट साँझ ६ बजेसम्म सञ्चालन गर्न पाइने भएको छ । सूचनामा अत्यावश्यक काम परी घर बाहिर निस्कनुपर्दा अनिवार्यरूपमा मास्कको प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, भिडभाड नगर्ने, नगराउने, औषधी पसल, कृषि बीउबीजन तथा मल विक्री वितरण गर्ने पसल र भेटनरी, पेट्रोल पम्प, ग्याँस डिपो, अक्सिजन सिलिण्डर पसल, पुस्तक तथा पत्रपत्रिका पसल नियमित सञ्चालन गर्नुपर्ने उल्लेख छ ।

अत्यावश्यक उपभोग्य वस्तु (खाद्यान्न, पानी, दूध, माछा, मासु, अण्डा, फलफूल तथा तरकारी) विक्री वितरण गर्ने पसलहरू विहान ४ बजेजेदेखि विहान ११ बजेसम्म र अन्य गैर खाद्य पसलहरू विहान ११ बजेदेखि बेलुकी ६ बजेसम्म मात्र खोल्न पाइने छ । तर, फुटपाथमा पसल राख्न नपाउने सूचनामा उल्लेख छ । यसैगरी, रेष्टुरेन्ट, मिठाई तथा खाजा पसलहरूबाट टेकअवे र होम डेलिभरी हुने गरी मात्र विहान ११ बजेदेखि बेलुकी ६ बजेसम्म खोल्न पाइने, होटल तथा लज सञ्चालन सम्बन्धमा बेड क्षमताको एक तिहाईमा मात्र सञ्चालन गर्ने, होटल, लज, रेष्टुरेन्ट, मिठाई तथा खाजा पसलमा काम गर्ने कर्मचारी र कामदारहरूले अनिवार्यरूपमा स्वास्थ्य मापदण्ड पालना गर्ने र कोठाहरू दैनिकरूपमा निसंक्रमण गर्ने आदेशमा उल्लेख छ । होटल, लज तथा रेष्टुरेन्टहरूमा कुनै पनि प्रकारको भोज भतेर, भेला, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार सञ्चालन गर्न नपाइने, पसल तथा व्यवसाय सञ्चालन गर्दा अनिवार्यरूपमा मास्कको प्रयोग, भौतिक दूरी कायम, जनस्वास्थ्यका मापदण्ड पालना र भिडभाड नहुने सुनिश्चितता सम्बन्धित व्यवसायीले सुनिस्चितता गर्नु पर्ने प्रजिअ पाण्डेले बताउनु भयो ।

यसैगरी, यातायात सञ्चालन सन्दर्भमा सार्वजनिक यातायातका सवारी साधनहरू विहान ६ बजेदेखि बेलुकी ७ बजेसम्म मात्र सञ्चालन गर्ने, कूल सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, सबै यात्रुहरूलाई मास्क अनिवार्य गर्ने, सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको अनिवार्य व्यवस्था गर्नुपर्ने, चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने, सवारी साधनलाई दैनिकरूपमा निसंकमित गर्नुपर्नेछ । सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा ५ रूपियाँ लिई मास्क उपलब्ध गराउनु पर्ने, मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने सूचनामा उल्लेख छ । अन्य जिल्लाबाट आएका पूर्व - पश्चिम राजमार्ग भई जाने लामो दूरीका सवारी साधन,मालवाहक सवारी साधनहरू तथा निर्माण सामग्री ढुवानीका साधनहरू मकवानपुरमा नरोकिने गरी आवत जावत गर्न पाइने, औद्योगिक कच्चा पदार्थ, तयारी उत्पादन एवं खाद्यान्न बोक्ने सवारी साधनहरू हेटौंडा बजार क्षेत्रभित्र विहान १० बजेदेखि दिनको ४ बजेसम्म मात्र आवत जावत एवं लोड अनलोड गर्न पाइने, बैंक, इन्स्योरेन्स कम्पनी, मनी ट्रान्सफर तथा वित्तीय सहकारी संस्थाहरूबाट प्रदान गरिने सेवाहरू जनस्वास्थ्यका मापदण्ड अनिवार्य अवलम्बन गरी भिडभाड नहुने सुनिश्चितता गरी नियमितरूपमा सञ्चालन गर्ने, वित्तीय तथा सहकारी संस्थाहरूबाट समूह भेला गरी रकम संकलन गर्ने, गराउने कार्य पूर्णरूपमा बन्द हुनुपर्ने उल्लेख छ ।

यसैगरी, शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र), सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल, पिकनिक स्थल, सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना, स्पा, सैलुन तथा ब्युटी पार्लर , स्विमिङ पुल , जिमखाना लगायत हेल्थ क्लब , स्ट्रिट फुड पसल, समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति, फुटसल पूर्णरूपमा बन्द रहने उल्लेख छ ।

मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा नित्य पूजा मात्र सञ्चालन गरी अन्य समयमा अनिवार्य बन्द गर्ने, धार्मिक, सांस्कृतिक र सामाजिक लगायत कुनै पनि प्रकारको जमघट तथा भेला हुने क्रियाकलाप सञ्चालन गर्न नपाइने तर, विवाहका लागि बढीमा २० जनासम्म नजिकको प्रहरी इकाईसँग समन्वय गरी आफ्नै निवासमा जनस्वास्थ्यका मापदण्ड पालना गरी सम्पन्न गर्न सकिने सूचनामा उल्लेख छ ।

# जनकल्याणद्वारा कक्षा ११ को परीक्षा तालिका सार्वजनिक




◆ विकास संवाददाता

थाहा नगरपालिकाको जनकल्याण माध्यमिक विद्यालयले कक्षा ११ को सबै संकायको अन्तिम परीक्षाको तालिका(रूटिन)-२०७७ सार्वजनिक गरेको छ ।

आगामी १४ साउनदेखि शुरु हुने गरी सो विद्यालयले परीक्षा तालिका सार्वजनिक गरेको हो । दुई सत्रमा हुने परीक्षामा पहिलो सत्रअन्तर्गत् विहान ७:३० देखि कृषि, विज्ञान र व्यवस्थापन संकायका परीक्षाहरू र दोस्रो सत्र अन्तर्गत ११:०० बजेदेखि मानविकी र शिक्षा संकायका परीक्षाहरू सञ्चालन हुने प्रधानाध्यापक सानोभाइ कार्कीले जानकारी दिए ।

मास्क, सेनिटाइजर र भौतिक दुरीसहित भौतिक उपस्थितिमै परीक्षा हुने विद्यालयले जनाएको छ । परीक्षा आवेदन फारम ८ साउनसम्म भर्न र १३ गते प्रवेश पत्र लिन विद्यालयले सम्बन्धित विद्यार्थीहरूलाई सूचित गरेको छ । ८ गतेसम्म परीक्षा आवेदन नबुझाए ९ देखि १२ साउनसम्म बिलम्ब शुल्क लाग्ने पनि विद्यालयले जानकारी दिएको छ ।

# भाडादर बढ्यो

◆ विकास संवाददाता

पालुङबाट थाहा यातायात सुमो सेवाअन्तरगत सञ्चालन हुँदै आएका सुमोहरू ३ महिनापछि ३ साउनबाट पुनः सञ्चालनमा आएका छन् ।

थाहाबाट सार्वजनिक बस सेवा सञ्चालनमा आएसँगै सुमो सेवा पनि सञ्चालनमा आएको हो । ३ साउनबाट काठमाडौंका लागि सुमो सेवा पुनः शुरू गरिएको काउण्टर प्रमुख सानोकाजी कार्कीले जानकारी दिए । गत बैशाखको दोस्रो साता लकडाउन शुरू भएसँगै थाहाबाट चल्ने सुमो सेवाहरू बन्द गरिएका थिए ।

हाल पुनः सञ्चालनमा सुमोको भाडा दर भने बढाइएको छ । यसअघि काठमाडौंको भाडादर रू. तीन सय कायम गरिएकोमा ३ साउनबाट तीन सय ८० कायम गरिएको थाहा यातायात सुमो सेवा प्रालिले जनाएको छ ।

त्यसैगरी पछिल्लो समय सरकार र यातायात व्यवसायीहरू बीच भएको निर्णय भन्दै भाडा दरमा भने २८ प्रतिशतले वृद्धि गरिएको छ । यस अघि १७५ रुपियाँ रहेको बस भाडा भने अहिले २२५ रूपियाँ कायम गरिएको छ । यसैगरी, फोर्स भाडा २८० रूपियाँ कायम गरिएको जनाएको छ ।

थाहामा ............

# हराउँदै लुतो फाल्ने प्रचलन





◆ विकास संवाददाता

मकवानपुरको थाहा नगर पालिकामा लुतो फाल्ने प्रचलन हराँदै गएको छ । हरेक वर्ष साउने सङ्क्रान्तिका दिन लुतो फाल्ने सस्कृति झण्डै लोप हुने अवस्थामा पुगेको छ ।

पछिल्ला वर्षहरुमा पाका व्यक्तिहरूले समेत यस संस्कृतिको बारेमा बिर्सन थालेका छन् भने कतिपय नयाँ पुस्ता र बालबालिकालाई त यो प्रचलनबारे अनभिज्ञप्राय छन् । नेपालका प्राचीन संस्कृतिअनुरूप साउन १ गते साँझ घर घरमा लुतो फाल्ने प्रचलन छ । लुतो फाल्ने संस्कृतिले जनतेन निरन्तरता पाउँदै आए पनि विस्तारै त्यस क्रममा प्रयोग गरिने सामग्रीबारेको जानकारी नयाँ पुस्तामा खासै छैन ।

परम्पराअनुसार मछिनो, भलायो, कुकुरदाइनो, लुतेझार, पानीसरो, देवीसरो, रातपाते, घँगारू, कुरिलो, हाँडे उन्यूजस्ता औषधीय गुण बोकेका वनस्पतिका साथै आरू, कागती, निबुवा, अम्बा, अनार, नासपाती आदि फलफूलसहित कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फ्याँक्ने गरिए पनि कतिपय ठाउँमा यी सामग्री लोप भइसकेका छन् भने कतिपय ठाउँमा पछिल्लो पुस्ताले ती सामग्री पहिचान गर्न सकेका छैनन् ।

लुतो फ्याँक्दा नाङ्लो ठटाउने, शङ्ख फुक्ने, घण्ट बजाउने, ढिकी कुट्ने र एकछिन घरको ढोका बन्द गर्ने चलन छ । असारभर गरिने खेतीपातीका क्रममा हिलोका कारण फैलिन सक्ने छालाको रोग बाट मुक्ति पाउन साउने संक्रान्तिका दिन साँझ लुतो, दाद आदि चर्माादि रोगबाट मुक्ति पाउन लुतो फाल्ने प्रचलन छ ।

# नगरपालिकाद्वारा ट्याक्टर खरिद



◆ विकास संवाददाता

थाहा नगरपालिकाले नयाँ ट्याक्टर खरिद गरेको छ । नगर पालिकाले आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ट्याक्टर खरिद गरेको हो । नगरका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले नगरमा ५५ हर्सपावरको चार पाङ्ग्रे ट्याक्टर खरिद गरिएको जानकारी दिए । खरिद गरिएको ट्याक्टरलाई फोहोरमैला व्यवस्थापन तथा सरसफाइ, विपद व्यवस्थापन, भौतिक निर्माण लगायतका क्षेत्रमा प्रयोग गरिने नगर पालिका विपद व्यवस्थापन फोकल पर्सन अनिल लामिछानेले बताए ।

# खोपले पुगेन, थप तीन हजार माग गर्ने




◆ विकास संवाददाता

थाहा नगरपालिकामा पछिल्लो पटक आएको कोरोनाविरूद्धको भेरोसिल खोप अपुग भएको नगरपालिकाले जनाएको छ ।

पछिल्लोपटक जिल्ला स्वास्थ्य कार्यालयले पठाएको १९५० डोज खोपले छोप नलागेको नगरपालिकाको भनाइ रहेको छ । प्राप्त खोपले नपुगेपछि १ साउनमा थाहाका कतिपय खोप केन्द्रहरुमा खोप लगाउन आएका कतिपय लक्षित वर्गका व्यक्तिहरू त्यतिकै फर्किएका थिए ।

थाहा नगरपालिकामा ५५ वर्षदेखि माथिका जनसंख्या ६ हजार ७०० छ ।

यसैबीच थाहा नगरपालिकाको कोभिड रोकथाम तथा नियन्त्रण निर्देशन समितिले थाहामा ५५ वर्षमाथिका जनसंख्याको लागि थप तीन हजार डोज खोप माग गर्ने निर्णय गरेको छ ।

# ब्यवसायीको लागि १० हजार डोज खोप माग



◆ विकास संवाददाता

कोभिड-१९ को लहरबिच पनि ब्यवसाय सञ्चालन गरि आम जनमानसमा सहजता प्रदान गरेका उद्योगी ब्यवसायीलाई कोरोनाको खोप आवश्यक रहेको भन्दै बागमती प्रदेश सरकार समक्ष खोप माग गरिएको छ । मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष राजकुमार न्यौपाने, नेपाल राष्ट्रिय उद्योग ब्यापार संगठनका केन्द्रीय सदस्य अजिव भट्टराई, नेपाल राष्ट्रिय यद्योग ब्यवसाय महासंघका केन्द्रीय सदस्य राजेन्द्र लामिछाने सहित उद्योगी ब्यवसायीको टोलीले मुख्यमन्त्री डोरमणी पौडेललाई भेटेर १० हजार डोज खोप माग गरेका हुन् ।

मकवानपुरको सन्र्दभमा १० हजार डोज खोप उपलब्ध भए हाल सञ्चालनमा रहेका ब्यवसायमा आवद्धहरू जोखिमबाट मुक्त हुने भन्दै उनिहरूले खोपको माग गरेका हुन् । मागपत्र प्रस्तुत गर्दै न्यौपानेले उद्योगी ब्यवसायीहरूमा कोरोना संक्रमणको उच्च जोखिम रहेको भन्दै प्रदेश सरकारले आफुहरूको मागको बारे गम्भिर बन्नुपर्ने समेत बताए ।

मागपत्र ग्रहण गर्दै मुख्यमन्त्री डोरमणी पौडेलले प्रदेश सरकार प्रदेशका सबै क्षेत्रका नागरिकको स्वास्थ्यको बारेमा सचेत तथा गम्भिर रहेको र ब्यवसायीहरूको मागलाई चाँडोभन्दा चाँडो पुरा गर्न लाग्ने बताए ।

निवर्तमान प्रधानमन्त्री केपीशर्मा ओलीले देशलाई आवश्यक पर्ने खोपको जोहो गरेर सरकारबाट विदा भएको स्मरण गर्दै उनले ब्यवसायीहरूको मागको विषयमा आफु गम्भिर रहेको र पहलकदमी लिने समेत बताए ।

# बागमती प्रदेश विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि तयार



◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले विपद् पश्चात तत्काल खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि तयार गरेको छ । प्रदेश बिपद ब्यबस्थापन निर्देशक समितिले विपद् पश्चात तत्काल खोज, उद्धार र राहत वितरण कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन 'विपद् खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८' तयार गरेको हो ।


बागमती प्रदेशका मुख्यमन्त्री एवम् प्रदेश बिपद ब्यबस्थापन निर्देशक समितिका अध्यक्ष डोरमणि पौडेलको अध्यक्षतामा मंगलबार बसेको बैठकले उक्त कार्यविधिको मस्यौदा माथि छलफल गरी स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्न सहमति प्रदान गरेको छ ।

यस्तै बैठकले मनसुनको अवधिभर हुनसक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न र सबै विषयगत नेतृत्वदायी निकाय तथा सहनेतृत्वदायी निकायहरूबीच जिम्मेवारी र स्पष्टता र समन्वय कायम गर्दै पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०७८' लाई स्वीकृत गर्ने निर्णय समेत गरेको छ ।

त्यस्तै बैठकले मनसुन अवधि पूर्वार्धमै रहेकोले यस अवधिमा मनसुनी वर्षाका कारण हुनसक्ने सम्भावित क्षतिलाई रोकथाम तथा न्यूनीरकणका लागि उच्च सतर्कता अपनाउन प्रदेशस्थित सम्पूर्ण मन्त्रालय र अन्तर्गतका निकायहरू तथा सुरक्षा निकायहरूलाई निर्देशन दिएको छ ।

बैठकले प्रदेश सभा, प्रदेश मामिला समितिले सिन्धुपाल्चोक जिल्लाका विभिन्न भूभागमा मिति २०७८र०३र०१ गते गएको बाढी तथा पहिरोको स्थलगत भ्रमण पश्चात तयार पारिएको प्रतिवेदनमा विपद् पूर्वतयारी र जोखिम न्यूनीकरणका सन्दर्भमा प्राप्त सुझावहरू माथि छलफल गरी कार्यान्वयन गर्न सम्बन्धित निकायहरूले पहल गर्ने निर्णय गरेको छ । बैठकमा मुख्यमन्त्री पौडेलले मनसुन जन्य विपद् बाढी पहिरो र डुबानबाट प्रभावितको खोजी तथा उद्धार, विपद्पश्चात् गरिने राहत, पुनःस्थापना र पुनर्निर्माणका कामका साथै जोखिम न्यूनीकरणमा विशेष ध्यान पुर्याउन निर्देशन दिएका छन् ।

# हाँडीखोलामा पधेरोलाई ढुङ्गेधाराको रूपमा निर्माण



◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका वडा नंबर-३ हाँडीखोलामा परापूर्व कालदेखि सञ्चालनमा रहेको पधेरोलाई ढुङ्गे धाराको रूपमा निर्माण गरिएको छ ।

स्थानीय वासिन्दाले वर्षौंदेखि प्रयोग गर्दै आएको पधेरोलाई ढुङ्गे धार ाको रूपमा निर्माण गरिएको मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले बताए । यो धारा निर्माण गर्नका लागि मनहरी गाउँपालिकाको पाँच लाख रूपैया सहयोग गरेको छ ।

यस प्रकारको धारा मनहरी गाउँपालिकाको यो पहिलो धारा पनि हो । त्यही पलाएको पानीलाई अहिले धारा जडान गरेर व्यवस्थित बनाइएको अध्यक्ष उप्रेतीले बताए । यस धाराबाट यहाँको विद्यालयका विद्यार्थी, स्थानीय वासिन्दाहरू पानी लिन आउने गरेका छन् । अन्तको तुलनामा यहाँको पानी सफा र मिठो समेत रहेको स्थानीय वासिन्दाहरूले बताएका छन् ।

# दुई बालक गाँजा सहित पक्राउ

◆ विकास संवाददाता

प्रहरीले कैलाश गाउँपालिकाका २ जना बालकलाई ९ किलो गाँजासहित पक्राउ गरेको छ ।

१४ र १५ वर्षका दुई बालकलाई नामटारमा हिँडिरहेको बेला नामटार अस्थायी प्रहरी पोष्टका असइ नेतृत्वको टोलीले गाँजासहित पक्राउ गरेको हो ।

बालकको झोला खानतलास गर्दा ९ किलो गाँजा फेला परेको मकवानपुरका प्रहरी प्रवक्ता जयश्वर रिमालले जानकारी दिए ।

पक्राउ पर्नेमा कैलाश-४ झ्याङ्ने बस्ने १५ वर्षीय सन्तोष न्यौपाने र १४ वर्षीय सागर मोक्तान रहेका छन् ।


## कोभिड-१९ को संक्रमणबाट बचौं र बचाऔं

सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं:

- अनिवार्य रुपमा मास्क लगाऔं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचिमिचि हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
- संक्रमणको शंका लागेमा नजिकैको

स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड